# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, असार २४ गते, २०७९ साल (अतिरिक्ताङ्क १३

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७९ सालको ऐन नं. २**

**<u>बीउ बिजन ऐन, २०४५ लाई संशोधन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>:** बीउ बिजन ऐन, २०४५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "बीउ बिजन (दोस्रो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **बीउ बिजन ऐन, २०४५ को दफा २ मा संशोधनः** बीउ बिजन ऐन, २०४५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.१ को,-

(१) खण्ड २.१.२ को सट्टा देहायको खण्ड २.१.२ राखिएको छः-

"२.१.२ "बाली" भन्नाले खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, नगदेबाली वा घाँसबाली सम्झनु पर्छ र सो शब्दले फूल फूल्ने वा नफूल्ने आलङ्कारिक बालीलाई समेत जनाउँछ।"

(२) खण्ड २.१.३ को सट्टा देहायको खण्ड २.१.३ राखिएको छः-

"२.१.३ "कृषिकार्य" भन्नाले बाली उत्पादन, सङ्कलन, भण्डारण र प्रशोधन गर्ने कार्य सम्झनु पर्छ।"

(३) खण्ड २.१.६ को सट्टा देहायको खण्ड २.१.६ राखिएको छः-

"२.१.६ "सूचित बीउ बिजन" भन्नाले दफा ११ बमोजिम सूचित वा पञ्जीकृत गरिएको बीउ बिजन सम्झनु पर्छ।"

(४) खण्ड २.१.११ मा रहेको "राखिएको" भन्ने शब्दपछि "वा लेखिएका" भन्ने शब्दहरु थपिएका छन्।

(५) खण्ड २.१.१२ पछि देहायका खण्ड २.१.१३, २.१.१४, २.१.१५, २.१.१६, २.१.१७ र २.१.१८ थपिएका छन्:-

"२.१.१३ "मन्त्रालय" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

२.१.१४ "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

२.१.१५ "केन्द्र" भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनु पर्छ।

२.१.१६ "प्रदेश समिति" भन्नाले दफा ६क. बमोजिमको प्रदेश बीउ बिजन व्यवस्थापन समिति सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१.१७ "स्थानीय तह" भन्नाले नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

२.१.१८ "संस्था" भन्नाले बीउ बिजन सम्बन्धी काम गर्न प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ र सो शब्दले कृषि सम्बन्धी सहकारी संस्था समेतलाई जनाउँछ।"

**३. <u>मूल ऐनको दफा ३ मा संशोधनः</u>** मूल ऐनको दफा ३ को,-

(१) उपदफा ३.२ को,-

(क) खण्ड ३.२.२ पछि देहायको खण्ड ३.२.२क. थपिएको छः-

"३.२.२क. प्रदेश मन्त्रालयका सचिवहरु मध्येबाट समितिको बैठकमा छलफल हुने विषयसँग सम्बन्धित प्रदेश मन्त्रालयका सचिव - सदस्य"

(ख) खण्ड ३.२.६ झिकिएको छ।

(ग) खण्ड ३.२.७ र ३.२.८ को सट्टा देहायका खण्ड ३.२.७ र ३.२.८ राखिएका छन्ः-

"३.२.७ बागवानी, खाद्यान्न, घाँसेबाली विज्ञानसँग सम्बन्धित विषयविज्ञ मध्येबाट कम्तीमा एकजना महिला सहित मन्त्रालयद्वारा मनोनीत तीनजना - सदस्य

३.२.८ कृषि तथा पशु विज्ञान विषयमा अध्ययन अध्यापन गराउने विश्वविद्यालयमध्येबाट मन्त्रालयले तोकेको विश्वविद्यालयको कम्तीमा सहप्राध्यापकस्तरको बीज विशेषज्ञ एकजना - सदस्य "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा ३.३ को शुरुमा रहेको "उपदफा" भन्ने शब्दको सट्टा "खण्ड" भन्ने शब्द राखिएको छ।

(३) उपदफा ३.५ को सट्टा देहायको उपदफा ३.५ राखिएको छः-

"३.५ खण्ड ३.२.७, ३.२.९ र ३.२.१० बमोजिमका सदस्य मनोनयन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।"

४. **<u>मूल ऐनको दफा ५ मा संशोधनः</u>** मूल ऐनको दफा ५ को,-

(१) उपदफा ५.२ को सट्टा देहायको उपदफा ५.२ राखिएको छः-

"५.२ बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ्ग तथा वितरण कार्यमा प्रदेश सरकार तथा स्थानीय तह र निजी क्षेत्रबीच समन्वय कायम गरी बीउ बिजनको गुणस्तर नियन्त्रण तथा मापदण्ड निर्धारणमा एकरुपता ल्याउने।"

(२) उपदफा ५.८ख मा रहेका "जात सूचित गर्ने सम्बन्धमा नेपाल सरकारलाई" भन्ने शब्दहरुको सट्टा "जात सूचित वा पञ्जीकरण गर्ने सम्बन्धमा नेपाल सरकार वा प्रदेश सरकारलाई" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा ५.८घ पछि देहायका उपदफा ५.८ङ, ५.८च र ५.८छ थपिएका छन्:-

"५.८ङ समितिको निर्णयहरु प्रदेश मन्त्रालय, प्रदेश बीउ बिजन समिति र बीउ बिजन परीक्षण प्रयोगशाला लगायत अन्य सम्बन्धित निकायमा लेखी पठाउने,

५.८च प्रदेश बीउ बिजन समिति वा स्थानीय बीउ बिजन व्यवस्थापन समितिले बीउ बिजन सम्बन्धमा परामर्श माग गरेमा आवश्यक परामर्श दिने,

५.८छ राष्ट्रिय र प्रदेशस्तरमा परम्परागत रुपमा प्रयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भइरहेका र लोपोन्मुख जातका बीउ बिजनको पहिचान गरी तिनको संरक्षणको लागि राष्ट्रियस्तरमा जीन बैङ्क र प्रदेशस्तरमा सामुदायिक बीउ बिजन बैङ्क स्थापना गर्न आवश्यक प्राविधिक र नीतिगत काम गर्ने,"

**५.** **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ को उपदफा ६.१ मा रहेका "प्रशोधन तथा बिक्री वितरण" भन्ने शब्दहरुको सट्टा "प्रशोधन, भण्डारण तथा बिक्री वितरण" भन्ने शब्दहरु राखिएका छन्।"

**६.** **<u>मूल ऐनमा दफा ६क. र ६ख. थपः</u>** मूल ऐनको दफा ६ पछि देहायका दफा ६क. र ६ख. थपिएका छन्:-

"**६क.** **<u>प्रदेश बीउ बिजन समितिको गठन</u>**:

६क.१ प्रदेशमा बीउ बिजन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र बीउ बिजन सम्बन्धी आवश्यक परामर्श दिन प्रदेश सरकारले प्रदेश बीउ बिजन समितिको गठन गर्न सक्नेछ।

६क.२ उपदफा ६क.१ बमोजिम गठित समितिको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

६ख. **<u>स्थानीय बीउ बिजन व्यवस्थापन समिति गठन गर्न सकिने</u>**: आफ्नो क्षेत्रभित्र उत्पादन हुने बीउ बिजनको स्थानीय तहमा उत्पादन, संरक्षण र सम्बर्द्धन गर्न तथा तत्सम्बन्धमा कृषकलाई परामर्श दिन स्थानीय कानूनमा व्यवस्था भए बमोजिम स्थानीय बीउ बिजन व्यवस्थापन समिति गठन गर्न सकिनेछ।"

**७.** **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**९. <u>बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना</u>**ः

९.१ बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि नेपाल सरकारले बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्नेछ।

९.२ बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुने गरी सम्बन्धित प्रदेश कानून बमोजिम प्रदेश मन्त्रालय वा स्थानीय तह वा कुनै व्यक्ति वा निजी सङ्घ संस्थाले बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछन्।

९.३ उपदफा ९.१ र ९.२ बमोजिम स्थापना भएका प्रयोगशालाको प्राविधिक रेखदेख र नियन्त्रण समितिबाट हुनेछ।"

**८. <u>मूल ऐनको दफा १०क. मा संशोधनः</u>** मूल ऐनको दफा १०क.को सट्टा देहायको दफा १०क.राखिएको छः-

"**१०क. <u>नवीकरण</u>**ः

१०क.१ दफा ९ बमोजिम स्थापना भएका प्रयोगशालाले प्रत्येक वर्ष समितिबाट प्राविधिक परीक्षण (टेक्निकल अडिट) गराई अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

१०क.२ उपदफा १०क.१ बमोजिम प्रत्येक वर्ष अनुमतिपत्र नवीकरण नगराएमा वा प्राविधिक परीक्षणबाट तोकेको मापदण्ड पूरा भएको नपाइएमा त्यस्तो प्रयोगशालाको अनुमतिपत्र स्वतः खारेज हुनेछ।"

**९. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"११. **बीउ बिजनको किसिम वा जात सूचित वा पञ्जीकृत गर्ने अधिकारः**

११.१ मन्त्रालयले कृषि कार्यको निमित्त प्रयोग गरिने बीउ बिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न आवश्यक देखेमा समितिको परामर्श लिई नेपालमा उन्मोचित किसिम वा जातका बीउ बिजनहरुलाई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सूचित बीउ बिजनको रुपमा तोक्न सक्नेछ।

११.२ मन्त्रालयले कृषि कार्यको निमित्त प्रयोग गरिने आयातित वा स्थानीय जातका बीउ बिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न आवश्यक देखेमा समितिको निर्णय बमोजिम पञ्जीकरण गरी त्यस्ता किसिम वा जातका बीउ बिजनहरुलाई पञ्जीकृत बीउ बिजनको रुपमा तोक्न सक्नेछ। त्यसरी बीउ बिजनहरुलाई पञ्जीकृत गरेको सूचना मन्त्रालय तथा समितिको वेभसाइट र अन्य उपयुक्त माध्यमबाट प्रकाशन गर्नु पर्नेछ।

११.३ प्रदेश मन्त्रालयले आफ्नो क्षेत्रभित्र उपयुक्त हुने नेपालमा उन्मोचित किसिम वा जातका बीउ बिजन सूचित गर्न वा आयातित बाहेकको स्थानीय जातका बीउ बिजनको पञ्जीकृत गर्न चाहेमा तोकिएको मापदण्ड र प्रक्रिया पूरा गरी प्रदेश समितिको सिफारिसमा त्यस्तो बीउ बिजन प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचित गर्न वा पञ्जीकृत गर्न सक्नेछ। त्यसरी बीउ बिजन सूचित वा पञ्जीकृत गर्दा प्रदेश मन्त्रालयले समितिसँग परामर्श लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११.४ मन्त्रालय वा प्रदेश मन्त्रालयले उपदफा ११.१, ११.२ वा ११.३ बमोजिम सूचित बीउ बिजन वा पञ्जीकृत बीउ बिजन तोक्दा विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बीउ बिजनको किसिम वा जात समेत तोक्नु पर्नेछ।

११.५ यस दफा बमोजिम पञ्जीकृत बीउ बिजन खेतिका लागि उपयुक्त नदेखिएमा त्यसरी पञ्जीकरण गर्ने निकायले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी पञ्जीकृत बीउ बिजनको सूचीबाट हटाउनेछ। प्रदेश मन्त्रालयले उपदफा ११.३ बमोजिम पञ्जीकृत गरेको बीउ बिजन सो सूचीबाट हटाएमा त्यसको जानकारी समितिलाई दिनु पर्नेछ।

११.६ बीउ बिजनको जात सूचित गर्ने वा पञ्जीकरण गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ र त्यसरी प्रक्रिया तोक्दा बालीहरुका प्रकृति अनुसार बीउ बिजनको जात सूचित गर्ने तथा आयातित वा स्थानीय जातका बीउ बिजनको पञ्जीकरण गर्ने प्रक्रिया फरक-फरक हुने गरी तोक्न सकिनेछ।"

**१०.** **<u>मूल ऐनको दफा ११क. मा संशोधनः</u>** मूल ऐनको दफा ११क. को उपदफा ११क.२ पछि देहायको उपदफा ११क.३ थपिएको छः-

"११क.३ उपदफा ११क.१ बमोजिम प्राप्त अनुमतिपत्र प्रत्येक वर्ष तोकिएको अधिकारी समक्ष निवेदन दिई तोकिए बमोजिमको दस्तुर लिई नवीकरण गराउनु पर्नेछ। अनुमतिपत्रको नवीकरण तथा खारेजी सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।"

**११.** **<u>मूल ऐनको दफा ११ख. मा संशोधनः</u>** मूल ऐनको दफा ११ख. सट्टा देहायको दफा ११ख. राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**११ख. <u>बिक्री वितरण गर्न नपाइने</u>:**

११ख.१ कसैले यस ऐन बमोजिम सूचित वा पञ्जीकरण नभएका बीउ बिजन बिक्री गर्न गराउन हुँदैन।

११ख.२ उपदफा ११ख.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि अनुसन्धान प्रयोजनको लागि यस ऐन बमोजिम सूचित वा पञ्जीकरण नभएका बीउ बिजन बिक्री वितरण गर्न बाधा पर्ने छैन।"

**१२. <u>मूल ऐनमा दफा ११ग. र ११घ. थप</u>:** मूल ऐनको दफा ११ख. पछि देहायको दफा ११ग. र ११घ. थपिएका छन्:-

"**११ग. <u>जफत हुने</u>:**

११ग.१ कसैले यस ऐनको बर्खिलाप हुने गरी कुनै बीउ बिजनको जातीय परीक्षण, गुणस्तर परीक्षण, आयात, निर्यात, उत्पादन, प्रशोधन, ओसारपसार, भण्डारण र बिक्री वितरण गरेमा त्यस्ता बीउ बिजनहरु बीउ बिजन निरीक्षकले जफत गर्न सक्नेछ।

११ग.२ बीउ बिजनको जफत सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

**११घ. <u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>:**

"११घ.१ कसैले बिक्री वितरण गरेको बीउ बिजनको गुणस्तर वा गलत सूचनाको कारणले कृषकलाई आर्थिक हानि नोक्सानी पुग्न गएमा मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन र सिफारिसको आधारमा सम्बन्धित पक्षले कृषकलाई वास्तविक हानि नोक्सानीको क्षतिपूर्ति दिनु पर्नेछ।

११घ.२ उपदफा ११ घ.१ बमोजिमको हानि नोक्सानीको मूल्याङ्कन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) केन्द्रको प्रमुखले तोकेको अधिकृत - संयोजक
(ख) कृषि सम्बन्धी विषय हेर्ने जिल्लास्तरको कार्यालयको प्रमुख - सदस्य
(ग) मूल्याङ्कन समितिले तोकेको कृषि विज्ञ - सदस्य
(घ) नेपाल कृषि अनुसन्धान परिषद्को वैज्ञानिक - सदस्य
(ङ) सम्बन्धित गाउँपालिका/ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य।

११घ.३ उपदफा ११घ.२ बमोजिमको मूल्याङ्कन समितिले आर्थिक हानि नोक्सानीको मूल्याङ्कन गर्दा जग्गाको उत्पादकत्व, बीउ बिजनको सिफारिस गुणस्तर, कृषि कार्यको लागि भएको खर्च, उत्पादनमा आएको कमी तथा सो समितिले आवश्यक ठानेको अन्य आधारमा समेत मूल्याङ्कन गरी उपदफा ११घ.१ बमोजिम क्षतिपूर्तिको रकम सिफारिस गर्नु पर्नेछ।"

**१३. <u>मूल ऐनको दफा १२ मा संशोधन</u>:** मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"**१२. <u>बीउ बिजनको न्यूनतम गुणस्तरको हद तोक्ने</u>:**

१२.१ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सूचित बीउ बिजनमध्ये समितिको परामर्श लिई कुनै बीउ बिजनको हकमा न्यूनतम गुणस्तरको हद तोक्न सक्नेछ।

१२.२ मन्त्रालयले आफ्नो वेभसाइटमा र अन्य उपयुक्त माध्यमबाट सूचना प्रकाशन गरी दफा ११ को उपदफा ११.२ बमोजिम पञ्जीकृत बीउ बिजनमध्ये समितिको परामर्श लिई कुनै बीउ बिजनको हकमा न्यूनतम गुणस्तरको हद तोक्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२.३ प्रदेश मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी दफा ११ को उपदफा ११.३ बमोजिम सूचित वा पञ्जीकृत बीउ बिजनमध्ये प्रदेश बीउ बिजन समितिको परामर्श लिई कुनै बीउ बिजनको हकमा न्यूनतम गुणस्तरको हद तोक्न सक्नेछ।"

**१४. <u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को,-

(१) उपदफा १५.१ मा रहेको "व्यक्तिले" भन्ने शब्दको सट्टा "व्यक्ति वा संस्थाले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा १५.३ को सट्टा देहायको उपदफा १५.३ राखिएको छः-

"१५.३ उपदफा १५.२ बमोजिम स्वीकृति प्राप्त भएपछि सम्बन्धित व्यक्ति वा संस्थाले सूचीत बीउ बिजनको निकासी वा पैठारी गर्न सक्नेछ।"

**१५. <u>मूल ऐनको दफा १५क. मा संशोधनः</u>** मूल ऐनको दफा १५क. को सट्टा देहायको दफा १५क. राखिएको छः-

**"१५क. <u>निकासी वा पैठारीमा रोक लगाउन सक्नेः</u>**

१५क.१ कसैले मानव, पशुपन्छी, बिरुवा, वातावरण, संस्कृति र जनजीवनमा प्रतिकूल प्रभाव पुऱ्याउन सक्ने कुनै खास जातको बीउ बिजन वा अनुवंश परिवर्तित जीव (जेनेटिकल्ली मोडिफाइड अर्गानिज्म) वा जीवित रूपमा रूपान्तरित जीव (लिभिङ्ग मोडिफाइड अर्गानिज्म) वा वंश नपुंसक बीउ (टर्मिनेटर सीड) को निकासी वा पैठारी गर्नु अघि तोकिए बमोजिम जोखिम विश्लेषण गर्नु पर्नेछ।

१५क.२ उपदफा १५क.१ बमोजिम गरिएको जोखिम विश्लेषणको आधारमा निकासी वा पैठारी गर्न उपयुक्त नदेखिएको बीउ बिजन नेपाल सरकारले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निकासी वा पैठारी गर्न रोक लगाउन सक्नेछ।

१५.क.३ यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको अनुमति लिई दफा १५क.१ मा उल्लिखित प्रकृतिका बीउ बिजनको अध्ययन अनुसन्धान गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

१५.क.४ उपदफा १५क.३ बमोजिम अनुमति माग गर्दा त्यस्तो बीउ बिजनको संक्षिप्त परिचयात्मक विवरण समावेश गर्नु पर्नेछ।"

**१६.** **<u>मूल ऐनमा दफा १५ख., १५ग., १५घ. र १५ङ. थपः</u>** मूल ऐनको दफा १५क. पछि देहायका दफा १५ख., १५ग., १५घ. र १५ङ. थपिएका छन्:-

"**१५ख.** **<u>मूल वा स्रोत बीउ उत्पादनको अनुमति लिनु पर्नेः</u>**

१५ख.१ कुनै व्यक्ति वा संस्थाले मूल वा स्रोत बीउ उत्पादन गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर सहित समिति वा प्रदेश समिति समक्ष निवेदन दिनु पर्नेछ।

१५ख.२ उपदफा १५ख.१ बमोजिम निवेदन परेमा समितिले आवश्यक जाँचबुझ गरी अनुमति दिन सक्नेछ।

१५ख.३ मूल वा स्रोत बीउ उत्पादन गर्न अनुमति दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५ख.४ यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि घरायसी प्रयोजनका लागि मूल वा स्रोत बीउ उत्पादन गर्न अनुमति लिनु पर्ने छैन।

**१५ग.** **<u>वर्णशङ्कर बीउ उत्पादनको अनुमति लिनु पर्नेः</u>**

१५ग.१ कुनै व्यक्ति वा संस्थाले वर्णशङ्कर बीउ उत्पादन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर सहित समिति वा प्रदेश समिति समक्ष निवेदन दिनु पर्नेछ।

१५ग.२ उपदफा १५ग.१ बमोजिमको निवेदन प्राप्त भएपछि समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो बीउ उत्पादन गर्न अनुमति दिन सक्नेछ।

१५ग.३ वर्णशङ्कर बीउ उत्पादन गर्न अनुमति दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५ग.४ यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि घरायसी प्रयोजनको लागि वर्णशङ्कर बीउ उत्पादन गर्न अनुमति लिनु पर्ने छैन।

**१५.घ** **<u>जातीय विकास तथा सम्बर्द्धन गर्न अनुमति लिनु पर्नेः</u>**

१५.घ.१ कुनै व्यक्ति वा संस्थाले कुनै बीउको जातीय विकास तथा सम्बर्द्धन गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष निवेदन दिनु पर्नेछ।

१५.घ.२ उपदफा १५घ.१ बमोजिमको निवेदन प्राप्त भएपछि समितिले आवश्यक जाँचबुझ गरी कुनै बीउको जातीय विकास तथा सम्बर्द्धन गर्न अनुमति दिन सक्नेछ।

१५.घ.३ बीउको जातीय विकास तथा सम्बर्द्धन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५घ.४ यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि घरायसी प्रयोजनको लागि जातीय विकास तथा सम्बर्द्धन गर्न अनुमति लिनु पर्ने छैन।

**१५ङ.** **<u>प्रदेश कानून बमोजिम हुनेः</u>** दफा १५ख., १५ग. र १५घ. बमोजिम मूल वा स्रोत बीउ उत्पादन, वर्णशङ्कर बीउ उत्पादन र जातीय विकास सम्बर्द्धनका सम्बन्धमा समितिले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकेको गुणस्तर र मापदण्ड अनुरुप हुने गरी प्रदेशले कानून बनाई व्यक्ति वा संस्थालाई अनुमति दिन सक्नेछ।"

**१७. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u>** मूल ऐनको दफा १६ को,-

(१) उपदफा १६.१ को सट्टा देहायको उपदफा १६.१ राखिएको छः- "१६.१ नेपाल सरकार वा प्रदेश सरकारले देहायको योग्यता पुगेका नेपाली नागरिकलाई बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त गर्न वा तोक्न सक्नेछः-

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा कृषिमा स्नातक तह उत्तीर्ण गरेको वा कृषिमा प्रमाणपत्र तह उत्तीर्ण गरी बीउ बिजन उत्पादनमा कम्तीमा दश वर्षको अनुभव भएको,

(ख) समितिबाट लिइने परीक्षा उत्तीर्ण भएको,

(ग) खण्ड (क) बमोजिम योग्यता पुगेको निजामती कर्मचारी भए निज सेवारत कार्यालयको स्वीकृति प्राप्त भएको।

(२) उपदफा १६.२ मा रहेका "आफू मातहतका कुनै कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "आफू मातहतका वा स्थानीय तहका अधिकृत स्तरका कर्मचारीलाई" भन्ने शब्दहरु राखिएका छन्।"

**१८. <u>मूल ऐनको दफा १८क. मा संशोधनः</u>** मूल ऐनको दफा १८.क को सट्टा देहायको दफा १८.क राखिएको छः-

"**१८.क <u>कृषकको अधिकार रहनेः</u>** (१) नेपालमा परम्परादेखि प्रयोग र अवलम्बन गरिदैं आएको स्थानीय बीउ बिजन वा जात वा कृषि प्रजातिको बालीको बीउ बिजनमा कृषकको स्वामित्व, जात छनौट, संरक्षण र वितरणको अधिकार रहनेछ।

(२) नेपालमा कुनै कृषक समूहले परम्परादेखि सामूहिक रुपमा प्रयोग र अवलम्बन गरिदैं आएको स्थानीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बीउ बिजन वा जात वा कृषि प्रजातिको बालीको बीउ बिजन त्यस्तो कृषक समूहको नाममा सामूहिक स्वामित्व हुने गरी प्रचलित कानून बमोजिम दर्ता गर्न सक्नेछन्। "

**१९. <u>मूल ऐनको दफा १९ मा संशोधन</u>:** मूल ऐनको दफा १९ को,-

(१) उपदफा १९.१ मा रहेका "पचास हजार रुपैयाँ जरिबाना" भन्ने शब्दहरूको सट्टा "पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा १९.२ मा रहेका "दश हजारदेखि बीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिना कैद वा दुवै सजाय" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा १९.३ मा रहेका "दश हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "दश हजारदेखि पचास हजार रूपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिना कैद वा दुवै सजाय" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा १९.४ मा रहेका "पच्चीस हजार रुपैयाँ जरिबाना" भन्ने शब्दहरूको सट्टा "पच्चीस हजार रुपैयाँ जरिबाना वा एक महिनादेखि तीन महिना कैद वा दुवै सजाय" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा १९.५ मा रहेका "दश हजारदेखि बीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "पन्ध्र हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना वा एक महिनादेखि दुई महिना कैद वा दुवै सजाय" भन्ने शब्दहरू राखिएका छन्। "

(६) उपदफा १९.५ पछि देहायको उपदफा १९.६ थपिएको छः-

"१९.६ कसैले बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकलाई यो ऐन तथा यस ऐन अन्तर्गत बनेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियम कार्यान्वयन गर्दाका बखत कुनै बाधा अवरोध खडा गरेमा वा धम्की दिएमा दफा १६ को उपदफा १६.१ बमोजिम नियुक्त वा उपदफा १६.२ बमोजिम तोकिएको बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकले पटकैपिच्छे पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्नेछ।"

२०. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को,

(१) उपदफा २१.१ मा रहेका "बीउ बिजन नमूना सङ्कलकले" भन्ने शब्दहरूको सट्टा "दफा १६ को उपदफा १६.१ बमोजिम नियुक्त वा उपदफा १६.२ बमोजिम तोकिएको बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा २१.२ मा रहेका "मुद्दा दायर भइसकेपछि मुद्दाको बहस पैरवी र पुनरावेदन सरकारी वकिलबाट हुनेछ" भन्ने शब्दहरुको सट्टा "सरकारी वकिलको राय लिई त्यस्तो राय बमोजिम मुद्दा चलाउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

२१. **<u>मूल ऐनमा दफा २१क. थपः</u>** मूल ऐनको दफा २१ पछि देहायको २१क. थपिएको छः-

"**२१क. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः</u>** यस ऐन बमोजिम कसूर ठहरिने कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने सो ऐन बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।"

२२. **<u>मूल ऐनको दफा २२ मा संशोधनः</u>** मूल ऐनको दफा २२ को उपदफा २२.२ पछि देहायको उपदफा २२.३ थपिएको छः-

"२२.३ उपदफा २२.१ बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैंतीस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

**२३.** **<u>रूपान्तरः</u>** मूल ऐनको ठाउँ-ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहाय बमोजिमका शब्दहरू राखी रूपान्तर गरिएको छः-

(१) "कृषि तथा पशु पन्छी विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टामा "मन्त्रालय",

(२) "बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक" भन्ने शब्दहरुको सट्टामा "बीउ बिजन निरीक्षक"।

प्रमाणीकरण मितिः २०७९।०३।२४

**आज्ञाले,**
**उदयराज सापकोटा**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१०।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार